प्रदेश सरकार
# भौतिक पूर्वाधार विकास मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

☎०५७-५२०९२६
०५७-५२५४८१
०५७-५२१५१९
info.mopid@p3.gov.np
s3mopid@gmail.com
mopid.p3.gov.np

visit Nepal 2020

पत्र संख्या :०७६।७७। योजना
च.नं. ६९२

मिति :२०७६/१०/०६

विषयः परिपत्र ।

श्री निर्देशनालय/डिभिजन/सब-डिभिजन/कार्यालयहरु सबै ।

प्रस्तुत विषयमा उपभोक्ताबाट निर्माण कार्यहरु सम्पादन एवं कार्यान्वयन गर्दा तपसिल बमोजिमका "क" देखि "च" सम्मका बुँदाहरु परिपालना गरी कार्य गर्नु/गराउनु हुन मिति २०७६/०९/२४ को निर्णय (मा.मुख्यमन्त्रीस्तर) अनुसार अनुरोध छ ।

तपसिल

क) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को कार्यविधि अनुसार उपभोक्ता समितिबाट कार्य गराउने ।

ख) उपभोक्ता समितिले समझौता रकम (लागत अनुमान) को न्यूनतम् १०% नगद वा श्रमदान व्यहोर्नु पर्ने ।

ग) जटिल प्रकृतिका कार्य उपभोक्ता समितिहरु मार्फत गराउँदा निर्माण भएको संरचनाको तोकिएको गुणस्तरमा निर्माण नहुने, उपभोक्ताले निर्माण व्यवसाय संलग्न गरी निर्माण गर्नुपर्ने तथा मर्मत सम्भारको जिम्मेवारी वहन गर्न नसक्ने अवस्था देखिएकोले प्राविधिक रुपले जटिल प्रकृतिका निर्माण कार्य (जस्तैः सडक कालोपत्रे, सडक ढलान, सडक पुल निर्माण आदि) जटिल किसिमको गुणस्तर परीक्षण गर्नुपर्ने, Heavy Machines प्रयोग गर्नुपर्ने, जनसहभागिता जुट्न नसक्ने, निर्माण पश्चात मर्मत सम्भार उपभोक्ता समितिबाट हुन नसक्ने, निर्माण कार्य सम्पन्न भएपछि उपभोक्ता समितिमा योजना हस्तान्तरण गर्न नसक्ने जस्ता कार्यहरु उपभोक्ता समितिबाट नगराउने ।

घ) उपभोक्ता समितिको गठन सम्बन्धित स्थानीय तहको सिफारिसमा गराउने ।

ङ) उपभोक्ता समितिको पदाधिकारीहरुको नागरिकताको प्रतिलिपि, सम्पर्क नं. लिई आफ्नो कार्यालयमा दर्ता गर्ने ।

च) प्रदेश सार्वजनिक खरिद नियमावली, २०७६ र अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट जारी गरिएका निर्देशनहरु कार्यान्वयन गर्ने ।

(राजेश कुमार पौडेल)
योजना महाशाखा प्रमुख